**धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं**
- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं ।
- धुम्रपान गर्नेहरूको सङ्गतबाट टाढा रहौं ।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ।

त्यसैले,
**धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं।**
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
eprateekdaily.com
राष्ट्रिय 'क' वर्ग


निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ कात्तिक २० गते आइतवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2022 November 06 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ६८

## ठोरी गापामा स्नातक तहको अध्ययन शुरू

माधव तिमल्सिना, ठोरी, १९ कात्तिक/

पर्साको पश्चिमी गाउँपालिका ठोरीमा यस वर्षदेखि स्नातक तहको अध्ययन शुरू हुने भएको छ। जिल्लाका १० वटा गाउँपालिकामध्ये पहिलोपटक ठोरीमा स्नातक तहको अध्ययन शुरू हुन लागेको हो ।

एक दशकअघिदेखि स्नातक तह अध्ययनका लागि पहल गरेको भएपनि यस वर्षदेखि त्रिभुवन विश्वविद्यालयले कक्षा सञ्चालन गर्न सम्बन्धन प्रदान गरेपछि ठोरी गापाको विजयबस्तीमा कक्षा सञ्चालनको तयारी भइरहेको छ। त्रिभुवन विश्वविद्यालयले आङ्गिक र सम्बन्धनप्राप्त सबै शैक्षिक संस्थालाई आउँदो मङ्सिर १८ गतेदेखि स्नातक तहको अध्यापन शुरू गर्न निर्देशन दिएकोले सोही अनुसार कक्षा सञ्चालन गर्न लागिएको विजयबस्ती क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष प्रेम श्रेष्ठले जानकारी दिए ।

विजयबस्ती क्याम्पसको आफ्नै भवन नभएकोले तत्कालका लागि माध्यमिक विद्यालय विजयबस्तीमा नै कक्षा सञ्चालन गर्ने तयारी गरिएको उनले बताए ।

"क्याम्पसको स्वामित्वमा भवनलगायतको भौतिक पूर्वाधारको व्यवस्था नभएसम्मका लागि तत्काल विद्यालय समयभन्दा अगावै माध्यमिक विद्यालय विजयबस्तीमा नै विजयबस्ती क्याम्पसको कक्षा सञ्चालन हुनेछ," विजयबस्ती क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष श्रेष्ठले भने, "बिहान वा बेलुका कक्षा सञ्चालन गर्ने तयारी छ, सम्भवतः बिहान नै हुन्छ होला ।"

एकैपटक सबै सङ्कायको पठनपाठन गराउन प्राविधिक र जनशक्ति व्यवस्थापनको दृष्टिकोणले कठिन भएकोले यस वर्ष शिक्षाशास्त्र सङ्काय अन्तर्गत मुख्य विषय नेपाली, अङ्ग्रेजी, स्वास्थ्य र जनसङ्ख्या विषयको लागि कक्षा सञ्चालन गर्न लागिएको क्याम्पस प्रशासनले जनाएको छ । त्रिभुवन विश्वविद्यालयले समेत यस वर्ष शिक्षाशास्त्र सङ्कायको मात्र कक्षा सञ्चालन गर्न सम्बन्धन दिएको व्यवस्थापन समितिका अध्यक्ष अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

हुलाकी सडक निर्माण हुनुअगाडिसम्म जिल्लाकै विकट मानिने ठोरीमा शुरू हुन लागेको स्नातक तहको कक्षामा विद्यार्थीको भर्ना र खर्च व्यवस्थापनको विषयलाई लिएर चिन्ता र चासो बढ्न थालेको क्याम्पस स्थापनामा सक्रिय अगुवाहरूको चिन्ता छ । करीब एक दशक क्याम्पसको सम्बन्धन लिने प्रक्रियामा नै अल्झिनुपरेको र अब सञ्चालनको विषयमा सरोकारवालाहरूसँग निरन्तर छलफल चलिरहेको क्याम्पस स्थापनाका लागि सुरुआतदेखि नै क्रियाशील अभियन्ता सन्तोष श्रेष्ठले बताए ।

विद्यार्थीबाट लिइने शुल्क र स्थानीय


तस्वीरः प्रतीक

सरकारसँग समन्वय गरेर आर्थिक व्यवस्थापन गर्ने लक्ष्य लिइएको श्रेष्ठको भनाइ छ। उनले क्याम्पस सञ्चालनका लागि २०६९ देखि त्रिविसँग सम्बन्धनका लागि थालेको प्रयास र प्रक्रिया विविध कारणले एक दशकपश्चात् पूरा भएको बताउँदै ठोरीको शैक्षिक इतिहासमा नै महत्त्व राख्ने स्नातक तहको पढाइ सबै पक्षको सहयोगका कारण यस वर्षदेखि निरन्तर जारी रहने बताए ।

कक्षा सञ्चालनका लागि वार्षिक करीब २०/२१ लाख रुपैयाँ खर्च हुने अनुमान क्याम्पस प्रशासनले गरेको छ। मुख्यतः प्राध्यापक व्यवस्थापन र तलबभत्ता शीर्षकमा सबैभन्दा धेरै खर्च हुने क्याम्पस प्रमुख गोपीलाल श्रेष्ठले जानकारी दिए । तत्कालका लागि आन्तरिक आम्दानी नै क्याम्पस सञ्चालनको आधार भएको उनको भनाइ छ । हाल विद्यार्थी भर्ना गर्न रु पाँच हजार र मासिक रु डेढ हजार शुल्क कायम गरिएको क्याम्पस प्रशासनले जनाएको छ।

ठोरीका विभिन्न सामुदायिक विद्यालयमा कार्यरत योग्यता पुगेका शिक्षकहरूले पठनपाठन गराउने गरी जनशक्ति व्यवस्थापन गर्न लागिएको छ।

(बाँकी अन्तिम पातामा)

## डेङ्गु प्रकोपको बेला नाला सफाइ नहुँदा स्थानीयवासी मर्कामा

प्रस, रौतहट, १९ कात्तिक/

रौतहट जिल्लाको सदरमुकाम गौरमा सरसफाइ फितलो हुँदै गएको छ। गौर नगरपालिका कार्यालय अगाडिदेखि प्रभात चोकसम्म करीब पाँच सय मिटर लामो नाला महीनौंदेखि जाम छ ।

विजयादशमी, दीपावली र छठ पर्व फोहर पानीमा आवतजावत गरी नगरवासीले मनाएका छन् ।


गौर नपामा नालाको स्थिति। तस्वीरः प्रतीक

नगरपालिका कार्यालयले सरसफाइमा ध्यान नदिएको शहरका नालाहरू जाम छन् ।

नाला जाम भएर पानी जम्नेलगायतका कारणले लामखुट्टेको प्रकोप बढेर डेङ्गु रोग बढ्दै गएको छ ।

डेङ्गु रोगविरुद्ध औषधि छर्कने जस्ता काम गरेको गौर नपा कार्यालयको यसप्रति ध्यान गएको छैन ।

नगरप्रमुख शम्भु साहले नगरको सरसफाइमा ध्यान दिनुपर्ने स्थानीयवासीले बताएका छन् ।

जनप्रतिनिधि जनताको समस्याप्रति उदासीन रहेको नगरवासीको भनाइ छ।

नगरप्रमुख साहले नगरपालिकाका सरसफाइ कर्मचारीलाई सही ढङ्गले परिचालन नगर्दा नगर प्रदूषित हुँदै गएको स्थानीयवासीले बताए ।

## दलित, महिला तथा बालबालिकामाथि हुने हिंसाविरुद्ध लड्न न्यायिक समिति सुदृढ बन्दै

प्रस, वीरगंज, १९ कात्तिक/

वीरगंजमा दलित तथा सीमान्तकृत महिला तथा बालबालिकामाथि हुने हिंसाविरुद्ध लड्न न्यायिक समिति सुदृढीकरणसम्बन्धी एक दिने तालीम शनिवार सम्पन्न भएको छ । पर्सा जिल्लाका ग्रामीण भेग पटेर्वासुगौली, ठोरी तथा सखुवाप्रसौनाी गाउँपालिकाका न्यायिक समितिका संयोजक तथा सदस्यहरूको सहभागितामा तालीम आज सम्पन्न भएको हो ।

महिला तथा बालबालिकाप्रति न्यायिक समितिले आफ्नो काम, कर्तव्य तथा भूमिका कसरी निर्वाह गर्ने भन्नेबारेमा तालीम केन्द्रित रहेको कार्यक्रम आयोजक संस्था दलित महिला केन्द्र नेपालकी पृथा खनालले बताइन् । सन् २०१६ देखि दलित महिलाहरूद्वारा सञ्चालित सो संस्थाले अहिले सोही समुदायका महिलाहरूमाथि भइरहेको हिंसा न्यूनीकरणका लागि काम गरिरहेको उनले बताइन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले न्यायिक समितिको काम सञ्चालन गर्न स्थानीय तहले कानून तथा नियमावली बनाएर सोही अनुसार न्याय सम्पादनको मापदण्ड बनाएको छ। न्याय पाउनबाट कोही नागरिक वञ्चित नहोस्, प्रत्येक पीडितले स्थानीयस्तरबाटै सहज र सुलभ तरीकाले उचित न्याय पाउनुपर्छ भन्ने उद्देश्यले ग्रामीण भेगका महिला जनप्रतिनिधिहरूका लागि तालीम आयोजना गरिएको संस्थाकी लैङ्गिक विमर्शकर्ता नीला रामले बताइन् ।

तालीमकी मुख्य प्रशिक्षक अधिवक्ता



तस्वीरः विमला गुप्ता

रोशनी पौडयालले विशेष न्यायिक समितिको स्थानीय सरकारसँग सरोकार रहेकोले यसको जिम्मेवारी पनि बढी भएको बताइन् ।

महिलाविरुद्धको हिंसालाई न्यायिक समितिमार्फत रोक्न तथा न्यायिक समितिको भूमिकाबारेमा उनले तालीममार्फत अवगत गराएकी थिइन् । अधिवक्ता पौडयालले लैङ्गिक असमानता तथा शक्तिसम्बन्धी अवधारणा व्यक्त गर्दै हाम्रो समाजमा अझै पनि रहेको महिला र पुरुषबीचको विभेदका बारेमा प्रकाश पारेकी थिइन् ।

तालीममा सहभागी पटेर्वासुगौली गाउँपालिकाकी उपप्रमुख ममता महतोले न्यायिक समितिमा महिला जनप्रतिनिधि भएर काम गर्दा पहिलो चरणमा दलित महिलाहरू रुँदै कराउँदै आउने कतिपय महिलाहरूसँग नागरिकता, विवाहदर्ता जस्ता प्रमाणपत्र नहुँदा मुद्दा दर्ता गर्नसमेत कठिनाइ भएको बताइन् ।

"कतिपय महिलाहरूको साथमा प्रमाणपत्र नहुने कतिपय महिलाहरूको साथमा मुद्दा दर्ता गर्नको लागि दर्ता शुल्क २०० रुपैयाँसमेत नभएपछि महिला तथा बालबालिकाको हकमा मैले निश्शुल्क सेवाको सुरुआत गराएँ," उनले भनिन्, "हामीले हिंसा न्यूनीकरणका लागि अहिले टोल फ्री नम्बर पनि उपलबध गराएका छौं ।"

जिल्ला अदालतअघि स्थानीय तहमा न्याय सम्पादन गर्ने न्यायिक समिति नै हो । पीडितहरूलाई न्याय दिनका लागि नयाँ अभ्यासबाट अघि बढेको न्यायिक समितिका संयोजक प्रत्येक पालिकाका उपप्रमुख हुन्। उक्त समितिमा सभाबाट निर्वाचित दुईजना सदस्य रहने व्यवस्था छ ।

ठोरी गाउँपालिकाकी उपप्रमुख गोकुली रेग्मीले आफूहरूलाई न्यायिक समितिले थप जिम्मेवार बनाएको बताइन्। तालीमबाट आफूहरूले नजानेका धेरै कानूनी कुरा सिक्न पाएको बताइन्। उनका अनुसार स्थानीय तहमा उपाध्यक्षलाई धेरै जिम्मेवारी थपिएको तर जानकारी कम रहेको हुँदा न्याय सम्पादन प्रक्रियामा कठिनाइ हुने गरेको छ ।

सो तालीममा सखुवाप्रसौनी गापाकी उपप्रमुख शर्मिला विष्ट, अधिवक्ता चन्द्रिकाप्रसाद पटेललगायत न्यायिक समितिका सदस्यहरूको सहभागिता थियो।

## मर्मतसम्भारको अभावमा सिसिटिभी क्यामरा तथा ई-हाजिरी मेशिन काम नलाग्ने

प्रस, सेढवा, १९ कात्तिक/

सेवाग्राहीहरूलाई प्रभावकारी सेवाप्रवाहका लागि विभिन्न कार्यालयमा जडान गरिएका सिसिटिभी क्यामरा तथा ई-हाजिरी मेशिन मर्मतसम्भारको अभावमा काम नलाग्ने भएका छन्।

सेवाप्रवाह प्रभावकारी तथा शिक्षक, विद्यार्थीको निगरानीका लागि स्थानीय तहले सिसिटिभी क्यामरा र ई-हाजिरी मेशिन जडान गरेको थियो। तर अहिले अधिकांश सिसिटिभी र ई-हाजिरी मेशिन सञ्चालनमा नरहेर बन्द छन्।

ठोरी, जीराभवानी, जगरनाथपुर, पटेर्वासुगौली, सखुवाप्रसौनीलगायतका गाउँपालिका कार्यालयका साथै माध्यमिक तहका विद्यालयहरूमा सिसिटिभी क्यामरा र ई-हाजिरी मेशिन जडान गरिएका थिए।

सखुवाप्रसौनी गाउँपालिका वडा नं १ स्थित नेरामावि, सिरही सथवलका प्रधानाध्यापक दिलीप बुढाथोकीका अनुसार जडान गरिएका सिसिटिभी क्यामरा जडान भएको केही दिनमैं बिग्रेर बन्द रहेको बताए । सोको मर्मत गरी


ई-हाजिरी मेशिन। तस्वीरः प्रतीक

सञ्चालनमा ल्याउनका लागि मौखिकरूपमा सम्बन्धित निकायलाई पहिलै जानकारी गराए पनि कुनै पहल नभएको प्रअ बुढाथोकीले बताए।

यता ठोरी गापा वडा नं ४ स्थित उच्च माध्यमिक विद्यालयका प्रअ नारायण लामाले विद्यालयमा सिसिटिभी क्यामरा जडान नभएको तर ई-हाजिरी जडान भएको बताए। सो पनि बिग्रेको कारण सञ्चालनमा नरहेको प्रअ लामाले बताए ।

पटेर्वासुगौली गापाका सूचना प्रविधि अधिकृत सोलेन्द्र पञ्जियारले कार्यालयमा जडान सिसिटिभी क्यामरा सञ्चालनमा रहेको बताए । विद्यालयहरूमा जडान गरिएका सिसिटिभी क्यामरा सञ्चालनमा रहेका पनि गत वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा मतदान केन्द्रमा गोपनीयता कायम गर्नका लागि सबै सिसिटिभी एउटै कोठा राखिएको अधिकृत पञ्जियारले बताए। वडा नं ५ स्थित मावि निचुटामा जडान गरिएका दुईवटा सिसिटिभी चोरी भएको उनले बताए। यस्तै, वडा नं २ रङ्गपुर बजारमा जडान गरिएका सिसिटिभी सञ्चालनमा रहेको र सोसम्बन्धी प्राविधिक सामग्री प्रहरी चौकी रङ्गपुरको कार्यालयमा राखिएको अधिकृत पञ्जियारले बताए । सखुवाप्रसौनी

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**संस्कृति, मन र आत्माको विस्तार हो ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# मतदाताले किन पत्याउँदैनन् दलका चुनावी घोषणा ?

देश यतिखेर चुनावमय भएको छ । यही मङ्सिर ४ गते हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका प्रत्याशीहरू जनताबीचमा जान तँछाडमछाड चलिरहेको छ। यो समयका नेता हेर्दा लाग्छ, यिनै जनताका सच्चा सेवक हुन्। नेताको बोली र व्यवहारदेखि वाचा, प्रतिबद्धता हेर्दा सुन्दा अहिले नै विकास र समृद्धिको मूल फुट्नै लागेजस्तो भान हुन्छ। कतिले त आआफ्ना दलले ल्याएका घोषणाले नपुगेर स्थानीयस्तरका समस्यालाई समेट्दै अलग घोषणापत्र पनि बनाएका छन् ।

देशको शासनसत्ताको बागडोर सम्भाल्ने चाहना राखेका दलहरूले आफूले देशलाई कुन रूपमा लैजाने हो भन्नेबारेमा घोषणापत्रमार्फत मार्गचित्र र प्रतिबद्धता व्यक्त गरेका छन् । निर्वाचनका लागि यस्तो घोषणापत्रमार्फत जनताले दलहरूका मुद्दा, मार्गचित्र र प्रतिबद्धता हेरेर दललाई सत्तामा पुऱ्याउने अभ्यास हुन्छ । तर हामीकहाँ घोषणापत्रलाई कार्यान्वयन गर्नु नपर्ने विचित्रको सहुलियत प्राप्त छ । यसलाई जनतामाझ भ्रम छर्ने पत्रको रूपमा मात्र बुझ्न थालिएको छ । दलहरूको घोषणापत्रलाई राम्रो बनाउन राम्रा नारा र योजनाको भारी राख्ने, तर के राखिएको छ भन्ने हेक्का पनि नराख्ने परिपाटी नै यो अव्यवस्थाको कारण पनि हो ।

सँगै यो पनि सुनिन्छ, नेताहरूले चुनावको भोलिपल्टै यी वाचा र प्रतिबद्धताहरू चटक्कै बिर्सिन्छन्। चुनावका बेला जसरी घोषणा र प्रतिबद्धतामा प्रतिस्पर्धा हुन्छ, चुनाव जितेर गएपछि त्यसको केही अंश मात्रै पनि कार्यान्वयनमा आउने हो भने देशले उहिल्यै काँचुली फेर्ने थियो। दलहरूले चुनावका बेला विकास र समृद्धिका मीठा नारासहितका घोषणा पस्किन थालेको दशकौं भयो। तर प्रत्येक दशकजसोको समयान्तरमा किन राजनीतिक व्यवस्था परिवर्तनका लागि आज पनि सङ्घर्ष भइरहेको छ।

यसको सोझो अर्थ हो, नेताले जनताका अपेक्षालाई ठीक तरीकाले सम्बोधन गरेका छैनन्। अपूर्ण आशा र अपेक्षा असन्तोष हुँदै आक्रोश र आन्दोलनमा परिणत भएकोमा विवाद आवश्यक छैन । राजनीतिले चुनावको बेला मतदातासमक्ष

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**एकातिर दलहरू आफ्ना घोषणामा इमानदार नहुने, अर्कातिर पैसा खर्च गरेर चुनाव जितेपछि त्यस्ता नेताले जनताको लागि काम गर्छ कि पैसा असुल्ने उद्देश्य राख्छन् ? स्पष्ट छ, पैसा खाएर मत हाल्नेहरूले आफ्ना नेतासँग जनहितको अपेक्षा पाल्ने नैतिक ल्याकत राख्दैनन्, गुमाइसकेका हुन्छन् ।**

गरेका वाचा सम्झिएको भए जनताले बारम्बार राजनीतिक व्यवस्था परिवर्तनका लागि रगत बगाउनुपर्ने थिएन। आजपर्यन्त विभेद र गरीबीलाई समाधान गर्ने होइन, बरु त्यसलाई हावा दिएर राजनीतिको रोटी सेक्ने उपक्रम चलिरहेकै छ।

देशमा नयाँ संविधान जारी भयो। नयाँ संविधानले राजतन्त्रलाई फालेर ल्याएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गऱ्यो । २००७ सालको राजनीतिक परिवर्तनपछिका ७० वर्ष जनताले विकास र समृद्धिको अनुभूति गर्न पाएन । किन जनताले बारम्बार व्यवस्था परिवर्तनका लागि बलिदानी दिनुपऱ्यो ? दलहरूले यसमा २५० वर्ष लामो राजसंस्थालाई दोष दिएर आफू पानीमाथिको ओभानो बन्ने चेष्टा गऱ्यो, यो आज पनि जारी छ। तर राजतन्त्र हटेको करीब दुई दशक हुन लाग्यो, यसबीचमा जनताले परिवर्तनको अनुभूति किन गर्न सकेन ? कुनै पनि राजनीतिक व्यवस्था खराब हुँदैन, दोषी त त्यो व्यवस्था चलाउने नेताको बदनियत हो। यो बदनियत अहिले पनि राजनीतिमा कायमै छ।

राजाको ठाउँमा केही थान शीर्षहरूको हालीमुहाली र राज्यको स्रोतसाधनमा मनपरीलाई मात्र परिवर्तन मान्न सकिन्न । नेताको जीवनस्तरमा आमूल परिवर्तन आउने, तर आमजनताको दैनिकी आधारभूत आवश्यकताको पूर्तिका लागि तड्पिनुपर्ने अवस्था किन छ ? गणतन्त्रले राजाको ठाउँमा दलीय सिन्डीकेटलाई स्थापित गऱ्यो। सङ्घीयताले दलका केही थान नेता र कार्यकर्तालाई जागीर दिने र भ्रष्टाचारको चाँजोपाँचो मिलाइने काम बढी गऱ्यो। यस्तो जनताले लोकतन्त्रको अनुभूति कसरी गर्ला। यसलाई कसरी 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र' भन्न सकिएला ?

सङ्घीय लोकतान्त्रिक गणतन्त्रयता देशमा दोस्रोपटक सङ्घ र प्रदेश संसद्का लागि आमनिर्वाचन हुँदैछ। यसले भावी सरकार निर्माण गर्नेछ। यतिमात्र होइन, यो महान् अवसरले देशको विकास र समृद्धिको बाटो पनि तय गर्ने अपेक्षा राख्न सकिन्छ । भलै जनताका अपेक्षाहरूमा नेतृत्व इमानदार देखिएको छैन।

निर्वाचनका बेला दलहरूले सार्वजनिक गरेको घोषणापत्र जनतामा अविश्वास सृजना गर्ने माध्यम हुनुहुँदैन भनेर दलहरू सचेत हुन जरुरी त छ नै, जनता पनि त्यसका चनाखो हुन आवश्यक छ। विगतमा गरेका घोषणा कति पूरा भए, कति भएनन् भन्ने लेखाजोखा गर्ने र नेतालाई प्रश्न गर्ने परिपाटी हुने हो भने उनीहरू जवाफदेही बन्न बाध्य हुन्छन् । यसले चुनावका बेला जथाभावी प्रतिबद्धता गर्ने र चुनावपछि आफ्नो क्षेत्रमा नाकमुख नदेखाउने प्रवृत्तिमा लगाम लाग्न सक्छ।

अहिले दलहरूका घोषणापत्र हेर्दा निकै राम्रा लाग्छन्। अहिले ठूला–साना सबै दलका घोषणापत्रमा आर्थिक वृद्धि, रोजगार, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्यजस्ता पक्षमा निकै राम्रा कार्यक्रम समेटिएका छन्। नहोऊन् पनि किन ? ती घोषणापत्र दलका मानिसले बनाएकै हुँदैनन्।

विगतमा अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैंकजस्ता निकायमा बसेका विज्ञहरूको टोलीले बनाएका हुन्छ। तर विडम्बना के भने घोषणापत्रमा राम्राजति सबै कुरा राखिन्छ, ती हुन सक्ने कुरा होऊन् वा नसक्ने । विगतमा नेपाली काङ्ग्रेसको घोषणापत्र तयारीमा लागेका पूर्वसचिव रामेश्वर खनालको एक अनुभव यहाँनिर सान्दर्भिक हुन्छ। दलका घोषणापत्र ती दलका शीर्ष नेताहरूले नहेर्ने गरेको उनको अनुभव छ।

शीर्ष नेताहरूले नै घोषणापत्रको विषयवस्तुबारे कुनै जानकारी राख्दैनन् भने त्यस्ता नेता चुनिएर गएपछि कस्तो अपेक्षा राख्न सकिएला ? घोषणापत्र चुनाव जित्नका लागि मात्र हो भने त्यसको अर्थ छैन । यसै पनि मतदाताले दलको घोषणा हेरेर मत दिने अभ्यास छैन। बरु चुनावमा रक्सी, मासु र पैसाको चलखेल स्थापित भएको छ । यसले चुनावलाई खर्चिलो मात्र बनाएको छैन, यो संस्कृति भ्रष्टाचारको मुहान बनेको छ।

एकातिर दलहरू आफ्ना घोषणामा इमानदार नहुने, अर्कातिर पैसा खर्च गरेर चुनाव जितेपछि त्यस्ता नेताले जनताको लागि काम गर्छ कि पैसा असुल्ने उद्देश्य राख्छन् ? स्पष्ट छ, पैसा खाएर मत हाल्नेहरूले आफ्ना नेतासँग जनहितको अपेक्षा पाल्ने नैतिक ल्याकत राख्दैनन्, गुमाइसकेका हुन्छन् । चुनावको यो परिपाटीले देशमा लोकतन्त्र र सुशासनको आवरणमा भ्रष्टाचार संस्थागत हुँदै गएको छ । यो दलहरूको घोषणाको औचित्य सकिँदै जानुको परिणाम पनि हो। यसमा नेता मात्र होइन, मतदाता पनि दोषी छन्।

# इच्छाशक्तिबाट लक्ष्य सिद्धि

सबैमा ईश्वरप्रदत्त इच्छाशक्ति अन्तर्निहित छ। यदि कसैले चाह्यो भने यसलाई त्यसस्तरसम्म बढाउन सक्छ कि एउटा सार्थक जीवन बाँच्न सकोस्, अद्भुत–आश्चर्यजनक उपलब्धिहरूले जीवनलाई कृतार्थ गर्न सकोस् । सम्भव हुन्छ र वैचारिक स्पष्टता क्षीण हुन्छ अनि उसमा सामान्य इच्छाशक्तिको अभाव हुन जान्छ ।

इच्छाशक्ति विवेकसँग जोडिएको हुन्छ र यससँग उसको अन्तर्सम्बन्ध छ, जसले निर्णय गर्न र सो अनुरूप हिंड्न

**जीवनको आन्तरिक तथा बाह्य पक्षमा सन्तुलन कायम गर्दै जीवन जिउने कलाको अभ्यास गरिन्छ र ईश्वरप्रदत्त विभूति एवं संसाधनहरूको श्रेष्ठतम उपयोग गर्दै जीवनमा आवश्यक लय तथा सङ्गीत उत्पन्न गर्दै जीवन परम लक्ष्यतिर अग्रसर हुन्छ ।**

छ, तपाईंको इच्छाशक्ति आफ्नो क्षमताभन्दा सुस्त चलिरहेको होस्, जसले जीवनलाई सन्तोषजनक उपलब्धि एवं सार्थकताको अनुभूतिबाट वञ्चित पारिरहेको होस् । तर उचित प्रयासले यसलाई सशक्त बनाउन सकिन्छ र यसको श्रेष्ठतम उपयोग गर्दै आफ्नो इच्छानुकूल लक्ष्य प्राप्त गर्न सकिन्छ । जसरी थोपाथोपाले गाग्रो भरिन्छ, सानासाना प्रयासका साथ इच्छाशक्ति पनि सशक्त बनाउन सकिन्छ ।

वास्तविकता त के हो भने हामी आफ्नो इच्छाशक्तिकै आधारमा जीवित छौं र आफ्ना अङ्ग–अवयवको सही उपयोग गरिरहेका छौं। ईश्वरले हामीलाई हेर्ने आँखा दिएका छन्, तर हामी के हेरिरहेका छौं वा हामीले के हेर्नुहुँदैन भन्ने कुराको निर्धारण हामी स्वयम् गर्दछौं। यहाँ इच्छाशक्ति सक्रिय हुन्छ, जुन मानिसको विवेकका साथ जोडिएको हुन्छ। यसरी यदि कुनै काम सचेतनरूपले सम्पन्न भइरहेको छ भने यसको अर्थ के हो भने यो इच्छाशक्तिकै परिणाम हो, अन्यथा यसमा इच्छाशक्तिको अभाव मानिनेछ ।

इच्छाशक्तिको शारीरिक स्वास्थ्यसँग पनि प्रत्यक्ष सम्बन्ध हुन्छ । दुर्बल शरीरबाट इच्छाशक्तिको भरपूर उपयोग हुन सक्दैन र यस्तोमा शरीरमा मनको निर्णय अनुसार हिंड्ने शक्ति हुँदैन र बिमारीले इच्छाशक्तिको क्षरण गरिदिन्छ। एउटा बिरामी मानिसलाई दैनिक जीवनको सामान्य कर्म गर्नका लागि धेरै प्रयास गर्नुपर्छ, जसलाई एउटा स्वस्थ व्यक्तिले सहज गरिदिन्छ ।

यस प्रकार बिमारीले इच्छाशक्तिलाई क्षीण पारिदिन्छ र मानिस दुर्बलता अनुभव गर्छ । मेशिनको एउटा पुर्जा खुकुलो छ भने त्यसले सही ढङ्गले काम गर्न सक्दैन, यसैगरी बिमारीले मानिसको शक्ति हरण गरेर उसलाई अधरमा पछारिदिन्छ ।

अतः दृढ इच्छाशक्ति एउटा स्वस्थ शरीरमा मात्र वास गर्छ, तर जरुरी छैन कि दृढ इच्छाशक्तिका लागि स्वस्थ शरीर नै आवश्यक होस्। कैयौं चरित्रका धनी र महान् व्यक्ति भएका छन्, जो शारीरिकरूपले निर्धो र गम्भीर बिमारीबाट पीडित थिए । बिमारीले उनीहरूको जीवन अवश्य प्रभावित थियो, तर उनीहरूको इच्छाशक्ति हमेशा सर्वोपरि रह्यो ।

उनीहरूले यो सिद्ध गरे कि शरीरभन्दा बढी मनको दृढता एवं जिउने उत्साहले जीवनको सफलता निर्धारित गर्दछ । जब मानिसको मन संशयग्रस्त जान्दछ, तर गहन इच्छाशक्ति हठधर्म होइन, जसले सबैथोक आफू अनुकूल चाहन्छ, वास्तविकता बिर्सिसकेको छ र जसलाई यथार्थताको बोध छैन । इच्छाशक्ति त निहुरिन पनि जान्दछ र यसमा आवश्यक लचिलोपन हुन्छ तथा यो व्यक्ति, परिस्थिति वा घटना अनुरूप आफूलाई ढाल्न पनि जान्दछ ।

यस प्रकार इच्छाशक्ति व्यक्तित्वको निर्धारक शक्ति हो । यदि यो सबल छ भने बाँकी चीज पनि ठीक हुन्छ, आफ्नो स्थानमा समायोजित पनि हुन्छ । इच्छा चाहना मात्र होइन, यो निर्णायक शक्ति हो; जसको, मानिसको प्रत्येक अङ्ग–प्रत्यङ्गले आज्ञापालन गर्नुपर्छ । वस्तुतः इच्छाशक्तिका साथ साहस हुन्छ, दृढता हुन्छ, त्यसको मूल्य चुकाउने सामर्थ्य हुन्छ र पूरा हुन्जेल प्रतीक्षा गर्ने धैर्य पनि हुन्छ। मानसिक रोगीहरूमा पनि कुनै आवेग अन्तर्गत धेरै इच्छाशक्ति देखिन्छ, तर त्यो तात्कालिक हुन्छ, त्यसमा निर्णय गर्ने क्षमता हुँदैन तथा तिनको वास्तविकतासँग समायोजन हुन सक्दैन।

यस प्रकार इच्छाशक्ति व्यक्तिको एउटा यस्तो विशेषता हो, जुन मनको स्पष्टता र दृढताबाट उद्भूत हुन्छ र आफ्नो निर्णयलाई क्रियान्वित गर्ने क्षमता राख्दछ। यथार्थतासँग तालमेल मिलाउँदै आफ्नो सङ्कल्पलाई निष्कर्षसम्म पुऱ्याएर आफ्नो लक्ष्य सिद्ध गर्दछ । निस्सन्देह स्वस्थ शरीर यसको पुष्ट आधार हो । दृढ इच्छाशक्तिको आधारमा व्यक्तिले जे पनि गर्न सक्छ र आफ्नो सङ्कल्प–सृष्टि सृजन गर्न सक्छ।

दैनिक जीवनमा निम्नानुसार सानासाना प्रयोग गरेर इच्छाशक्ति सशक्त बनाउन सकिन्छ, यसलाई सुदृढ बनाउन सकिन्छ ।

नियमितरूपले स्वयंको मूल्याङ्कन गर्दै, आफ्नो जीवनमा स्पष्टता ल्याउने तथा यसलाई ईश्वरीय अनुशासन अनुरूप ढाल्ने प्रयास गरिरहनुपर्छ, यसबाट इच्छाशक्तिको जरा पोषित हुन्छ। समयमा शयन र प्रातःजागरण इच्छाशक्तिकै प्रयोग हो, जसको आधारमा एउटा सुव्यवस्थित दिनचर्या सम्भव हुन्छ। यदि सुत्ने र उठ्ने बानी बिग्रेको छ भने यसमा नित्यप्रति ससाना सुधार गर्दै, इच्छाशक्तिलाई सुदृढ बनाउँदै अगाडि बढ्नुपर्छ ।

प्रातःभ्रमण, व्यायाम, स्वाध्याय र जप–ध्यान आदि नियमित क्रियाहरूले तन–मन र अन्तर्रात्मालाई स्वस्थ र सशक्त बनाउँछन् र इच्छाशक्तिलाई पुष्ट पार्छन् । भनिरहनुपर्दैन कि एउटा अनुशासित जीवनचर्यासँग इच्छाशक्तिको प्रत्यक्ष सम्बन्ध छ । आलस्य–प्रमादले भरिएको अस्तव्यस्त जीवनले इच्छाशक्ति क्षीण हुन्छ र यो दुर्बल इच्छाशक्तिको द्योतक हो ।

व्यवहारमा सुझबुझपूर्ण वाणीको उपयोगका लागि इच्छाशक्ति सबल आधार हो। प्रतिकूल परिस्थितिमा कुन बेला मौन रहनुपर्छ, आफ्ना भाव–आवेगमा नियन्त्रण, आवश्यक तप र सहिष्णुताको अभ्यास इच्छाशक्तिकै प्रयोग हो । जीवनका द्वन्द्वहरूबीच सम रहने अभ्यास यसको उच्चस्तरीय प्रयोग हो। बिग्रेको बानीलाई यसै आधारमा आवश्यक सुधार गर्न सकिन्छ र आफ्नो स्वतन्त्र चिन्तन एवं निर्णयलाई क्रियान्वित गर्दै निर्धारित लक्ष्यतर्फ अग्रसर हुन सकिन्छ।

यसै प्रकार सानासाना कार्यहरूमा इच्छाशक्ति प्रयोग गरेर, होशपूर्वक जीवन जिउँदै यसलाई सशक्त बनाउन सकिन्छ। जीवनको आन्तरिक तथा बाह्य पक्षमा सन्तुलन कायम गर्दै जीवन जिउने कलाको अभ्यास गरिन्छ र ईश्वरप्रदत्त विभूति एवं संसाधनहरूको श्रेष्ठतम उपयोग गर्दै जीवनमा आवश्यक लय तथा सङ्गीत उत्पन्न गर्दै जीवन परम लक्ष्यतिर अग्रसर हुन्छ । निस्सन्देह जीवनको महायात्रामा प्रत्येक पाइलामा इच्छाशक्तिकै केन्द्रीय भूमिका हुन्छ ।

# सबैको सहयोगले स्वच्छ, निष्पक्ष र विश्वसनीय निर्वाचन –आयुक्त जबरा

जनकपुर, १९ कात्तिक/रासस

निर्वाचन आयोगका आयुक्त सगुनशमशेर जबराले आगामी मङ्सिर ४ गते हुन गइरहेको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय बनाउन सबै पक्षको सहयोग आवश्यक रहेको बताएका छन् ।

निर्वाचन आयोग र नेपाल कानून समाजद्वारा शनिवार जनकपुरधाममा आयोजित 'प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र सरोकारवालाको भूमिका' विषयक अन्तर्क्रिया कार्यक्रममा आयुक्त जबराले निर्वाचन आयोगको एक्लो प्रयासबाट स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीयरूपमा निर्वाचन सम्पन्न हुन नसक्ने भएकाले यसमा सबै पक्षको सहयोग आवश्यक रहेको बताए ।

"निर्वाचन आयोगले मात्र भयरहित वातावरणमा स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन गराउन सक्दैन," आयुक्त जबराले भने, "यसमा राजनीतिक दल, उम्मेदवार, सञ्चारमाध्यम, सुरक्षाकर्मीलगायत सबै सरोकारवालाहरूको हातोमालो जरुरी छ ।" उनले निर्वाचन आचारसंहिता पालन गर्न सबै पक्ष गम्भीर हुनुपर्नेमा जोड दिए। "निर्वाचन आयोग कसैलाई पनि कारबाही गर्न इच्छुक छैन,"




आयुक्त जबराले भने, "तर निर्वाचन आचारसंहिता उल्लङ्घन भइरह्यो भने आयोग चुप लागेर बस्दैन, अब स्पष्टीकरण मात्र सोधिने होइन जरिवाना पनि गर्न सुरु गरिसकेका छौं।"

विगतका निर्वाचनहरूभन्दा अहिलेको निर्वाचनमा आचारसंहिता उल्लङ्घनमा कमी आएकोप्रति आयोग सन्तुष्ट रहेको उल्लेख गर्दै उनले आयोगले केन्द्रदेखि जिल्ला तहसम्म अनुगमन समितिहरू बनाएर निर्वाचन आचारसंहिताको अनुगमन गरिरहेको बताए ।

निर्वाचन क्षेत्रमा मतदाता, मतदान केन्द्र र भूगोललाई आधार बनाएर उम्मेदवारहरूको खर्च सीमा तोकेको स्पष्ट पार्दै आयुक्त जबराले चुनाव लड्ने, खर्च गर्ने तर आयोगमा खर्च विवरण नबुझाउनेहरूमाथि आयोगले कारबाही गरेको बताए ।

कार्यक्रममा धनुषाका मुख्य निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले मुलुक निर्वाचनमय भएका बेला सबैले भयरहित वातावरणमा स्वच्छ, निष्पक्ष र विश्वसनीय निर्वाचन गराउने वातावरण बनाउनेतर्फ ध्यान केन्द्रित गर्नुपर्ने बताए ।

कार्यक्रममा निर्वाचन आचारसंहिता र त्यसको कार्यान्वयनको अनुगमन विषयक प्रस्तुति गर्दै पूर्वसचिव वेगेन्द्रराज शर्मा पौडेलले निर्वाचन आचारसंहितालाई सबैले ख्याल गर्नुपर्ने बताए ।

निर्वाचन आयोग नेपालका सहसचिव यज्ञप्रसाद भट्टराईले आयोगले तोकेको खर्च सीमामैं रहेर उम्मेदवारहरूले खर्च गर्नुपर्ने बताए । निर्वाचन खर्च र प्रचारप्रसार शीर्षकमा सहजीकरण गर्दै सहसचिव भट्टराईले निर्वाचन आचारसंहिता विपरीतको कार्य भएको उजूरी आएमा तत्काल अनुसन्धान गरी कारबाही गर्ने प्रतिबद्धता जनाए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# ‘युक्रेन युद्ध कूटनीतिले मात्र अन्त्य गर्न सक्छ’

संयुक्त राष्ट्रसङ्घ, १९ कात्तिक/एपी

युक्रेन युद्ध वार्ता र कूटनीतिक माध्यमबाट मात्र अन्त्य गर्न सकिने विश्व नेताहरूले बताएका छन्। युद्ध मैदानबाट कुनै पनि पक्ष विजयी नहुने पनि उनीहरूले बताएका छन्। नेल्सन मण्डेलाद्वारा स्थापित ‘द एल्डर्स’ भनेर चिनिने समूहसँग आबद्ध विश्वका प्रबुद्ध पूर्वनेताहरूले संवाद र कूटनीतिले विनाशकारी युक्रेन युद्धको अन्त्य गर्न सक्ने बताएका हुन्। समूहले उक्त सन्देश युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीलाई दिएको तथा द्वन्द्वबाट बाहिर निस्कने उपायबारे विचार गर्न सुझाएको समूहका अध्यक्ष आयरल्यान्डका पूर्वराष्ट्रपति मेरी रोबिन्सनले बताएकी छन्। मानव अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको रूपमा सेवा गरिसकेकी उनले दुवै पक्षमा सैन्य हतियार बढाउने होडबाजीको अन्त्य गर्न अपरिहार्य भएको बताउँदै त्यसमा विचार गर्न अनुरोध गरिएको एपीका वरिष्ठ अधिकारीलाई बताए।



‘द एल्डस’ समूहकी अध्यक्ष आयरल्यान्डका पूर्वराष्ट्रपति मेरी रोबिन्सन। तस्वीरः एपी

समूहले युक्रेनमाथि रूसले गरेको आक्रमणलाई संयुक्त राष्ट्रसङ्घको बडापत्रको स्पष्ट उल्लङ्घन, विश्व शान्ति र सुरक्षालाई अस्थिर बनाउने अनुचित कार्य भन्दै त्यसको निन्दा गरेको छ।

रूसको युक्रेनका चार क्षेत्रलाई अवैधरूपमा आफूमा विलय गरेकामा त्यसको पनि समूहले निन्दा गरेको छ। युक्रेनले आफ्नो क्षेत्र र सार्वभौमिकताको रक्षा गर्ने अधिकारको रक्षा गरेको समूहको ठहर छ।

संयुक्त राष्ट्रसङ्घका पूर्व मानव अधिकार आयुक्त जेइद राद अल हुसेनले युद्धबाट बाहिर निस्कने कूटनीति र वार्ता नै एकमात्र उपाय भएको बताउँदै उनले रूसी आक्रमणको शिकार बनेको युक्रेनलाई आफ्नो सार्वभौमसत्ता त्याग भन्न नसकिने परिस्थिति उत्पन्न भएको यथार्थ प्रस्तुत गरे। वर्तमान द्वन्द्वको समाधान अर्को दिशाबाट हुन सक्ने सङ्केत गर्दै उनले पश्चिमा शक्तिहरू रूसप्रति केही नरम भएमा निकास निस्कन सक्ने बताए। उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो)तर्फ सङ्केत गर्दै उनले त्यसो भनेका हुन्।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले पनि लामो समयदेखि पश्चिमी गठबन्धनले आफ्नो सिमानानजीक युद्ध धकेलेको गुनासो गर्दै आएको सन्दर्भ जोड्दै उनले त्यसो भनेका हुन्।

मेक्सिकोका पूर्वराष्ट्रपति अर्नेस्टो जेडिलोले युरोपेली सङ्घ र संयुक्त राज्य अमेरिकाले रूसमाथि आर्थिक प्रतिबन्ध लगाए पनि युद्धका निम्ति वित्तीय सहायता जारी रहेको तथा उसले तेलबाट पनि राजस्वको ठूलो हिस्सा प्राप्त गरिरहेको बताए। रूसले नरसंहार, युद्ध अपराध र मानवताविरुद्धको अपराध गरेको आरोप लगाउँदै उनले अन्तर्राष्ट्रिय फौजदारी अदालतबाट त्यसको छिनोफानो गर्नुपर्ने बताए। रासस

# उत्तर कोरियालाई तर्साउन सुपरसोनिक बमवर्षक विमान उडाउँदै अमेरिका

सोल, १९ कात्तिक/एपी

यो साता शृङ्खलाबद्धरूपमा क्षेप्यास्त्र परीक्षण गरेर कोरियाली प्रायद्वीपमा तनाव सृजना गरेको उत्तर कोरियालाई तर्साउन अमेरिकाले दक्षिण कोरियाको आकाशमा सुपरसोनिक बमवर्षक विमान उडाउने भएको छ।

दक्षिण कोरियासँगको संयुक्त हवाई अभ्यासको अन्तिम दिन आज प्योङ्याङलाई आफ्नो शक्ति देखाउन अमेरिकाले सुपरसोनिक बमवर्षक विमान पनि अभ्यासमा समावेश गरिएको सोलले बताएको छ।

वायुसेनाको संयुक्त अभ्यासमा बमवर्षक विमान पनि समावेश हुने बताएको दक्षिण कोरियाली रक्षा मन्त्रालयले थप विवरण सार्वजनिक गरेको छैन।


वायुसेनाको संयुक्त अभ्यासमा दुवै देशका अत्याधुनिक एफ–३५ लडाकू विमानसहित २४० विमान समावेश छन्। उक्त अभ्यासबाट आक्रोशित प्योङ्याङले यो साता समुद्रमा दर्जनौं क्षेप्यास्त्र प्रक्षेपण गर्नाका साथै अन्तरमहादेशीय क्षेप्यास्त्र परीक्षण गरेको थियो। उसले आन्तरिकरूपमा युद्धक विमानसमेत उडाएर युद्धका निम्ति तम्तयार रहेको सन्देश प्रवाह गरेको थियो।

‘भिजिल्यान्ट स्टोर्म’ नामको अमेरिकासँगको कोरियाको संयुक्त सैन्य अभ्यासलाई सैन्य टकरावको उन्माद भन्दै उत्तर कोरियाली विदेश मन्त्रालयले शुक्रवार अबेर एक वक्तव्य निकालेर आफ्नो सार्वभौमसत्ता तथा राष्ट्रिय सुरक्षाविरुद्ध लाग्नेहरूलाई कडा जवाफ दिइने जनाएको छ। रासस

# युक्रेनलाई सहयोग गर्न जी–७ समन्वय संयन्त्र स्थापना

बर्लिन, १९ कात्तिक/एएनआई

रूस–युक्रेन युद्धका कारण युक्रेनमा देखिएको ऊर्जा, पानीको सङ्कट समाधान गर्ने उद्देश्यले जी–७ राष्ट्रले संयन्त्र बनाउने भएका छन्। अत्यन्त विकसित र औद्योगिक राष्ट्रको समूहले युक्रेनमा देखिएको सङ्कट समाधान गर्न नयाँ तत्परता देखाएका छन्।




“आज हामी युक्रेनमा देखिएको चरम ऊर्जा, पानी र पूर्वाधारको मर्मत, पुनर्स्थापना र रक्षा गर्न जी–७ समन्वय संयन्त्र स्थापना गर्दैछौं,” जी–७ विदेशमन्त्रीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

यसैबीच जारी रूस–युक्रेन युद्धमा मस्कोसँग इरानको गहिरो सैन्य प्रतिबद्धता देखिएको र चीनको बढ्दो दृढ समर्थन आदिका बारेमा छलफल गर्न जर्मनीले पश्चिमी जर्मन शहर मुएन्स्टरमा दुई दिने बैठक आयोजना गरेको छ।

जी–७ का राष्ट्रले रूसलाई तत्काल युद्ध रोक्न र सैन्य सामग्री फिर्ता लिन आग्रह गरेका छन्। उनीहरूले रूसले पछिल्ला दिनमा ऊर्जा क्षेत्रलाई लक्षित गरेर इरान निर्मित ड्रोन र अन्य मिसाइल हतियार प्रयोग गरेर गरेको आक्रमणको कडा शब्दमा निन्दा गरेका छन्। रूसको पछिल्लो आक्रमणबाट करीब ४० प्रतिशत ऊर्जा क्षेत्र तहसनहस भएको र जनता लामो समयसम्म अन्धकारमा बस्नुपर्ने बाध्यता आएको छ।

यसैबीच, युक्रेन र यसका पश्चिमी सहयोगीले इरानले रसियामा ‘कामिकाजे’ ड्रोन वा मानवरहित हवाई सवारी पठाएको आरोप लगाएका छन्। उनीहरूका अनुसार त्यसले युक्रेनी पूर्वाधारलाई लक्षित गर्ने हमलामा रूसी सेनाले विनाशकारी प्रभाव पार्न प्रयोग गरेको छ।

“हामी मध्य पूर्व र वरपर इरानको निरन्तर अस्थिर गतिविधिको कडा निन्दा गर्छौं। यसमा ब्यालिस्टिक मिसाइलका साथै मानवरहित हवाई सवारी अर्थात् ड्रोन छन्, जसको विस्तार र प्रभावले यस क्षेत्रमा अस्थिरता निम्त्याउँछ।

चीनको बढ्दो समर्थन र प्रभावका सन्दर्भमा हामी चीनले विवादको शान्तिपूर्ण समाधानको लागि संयुक्त राष्ट्रसङ्घको बडापत्रको सिद्धान्त पालना गर्न र धम्की, जबरजस्ती वा बल प्रयोगबाट टाढा रहनुपर्ने आवश्यकताको स्मरण गराउँछौं। हामी कुनै पनि एकतर्फी जबरजस्तीको विरोध गर्छौं,” विज्ञप्तिमा भनिएको छ।

जी–७ का राष्ट्र शान्ति स्थिरताको पक्षमा रहेको सबै विषय र क्षेत्रमा देखिएको विवादको शान्तिपूर्ण समाधानको पक्षमा रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – खर्चवृद्धि | वृष – धनलाभ |
| मिथुन – सफलता | कर्कट – राज्यलाभ |
| सिंह – रोगभय | कन्या – व्यापारवृद्धि |
| तुला – शत्रुपराजय | वृश्चिक – ज्ञानोदय |
| धनु – भयचिन्ता | मकर – मित्रमिलन |
| कुम्भ – अतिथिआगमन | मीन – सुयश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


# करका दरमा गरिएको परिवर्तन बदर गर्न निर्देशन

काठमाडौं, १९ कात्तिक/रासस

निर्वाचन आयोगले गण्डकी प्रदेश सरकारलाई करका दर परिवर्तन गरेकोबारे २४ घण्टाभित्र बदर गरी सोको जानकारी यथाशक्य चाँडो उपलब्ध गराउन निर्देशन दिएको छ।

निर्वाचन आचारसंहिता लागू भइसकेको अवस्थामा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी करका दरहरू परिवर्तन गरेको देखिएको भन्दै आयोगले स्पष्टीकरण सोधेको थियो। आयोगले गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्णय बदर गरी जानकारी गराउन निर्देशन दिएको छ। “गण्डकी प्रदेश सरकारले २०७९/०६/२७ गतेको प्रदेश राजपत्र खण्ड–५, सङ्ख्या ५ मा सरकारले विभिन्न करका दरहरूमा छुट दिने गरी सूचना प्रकाशन गरेको देखिएको,” स्पष्टीकरणपत्रमा उल्लेख गरिएको छ।

निर्वाचनको सम्मुखमा आचारसंहिता लागू रहेको अवस्थामा यस प्रकारबाट करको दरमा छुट दिनेजस्ता नीतिगत निर्णय गरी कार्यान्वयन गर्दा निर्वाचनको स्वच्छता र निष्पक्षतालाई असर पार्नुका साथै सो कार्य निर्वाचन आचारसंहिता, २०७९ को दफा ५ को खण्ड (ख)को विपरीतसमेत देखिएको पत्रमा उल्लेख गरिएको छ। गण्डकी प्रदेश सरकारबाट करका दरहरूमा हेरफेर गर्नेगरी भएको निर्णय निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (२) बमोजिम करको दरमा हेरफेर गर्ने निर्णय प्रक्रियामा संलग्न गण्डकी प्रदेशका मुख्यमन्त्री, अर्थमन्त्री, प्रमुख सचिव र अर्थ मन्त्रालयका सचिवलाई समेत छुट्टाछुट्टै स्पष्टीकरण सोधिएको छ। स्पष्टीकरणपत्रमा “निर्वाचन आचारसंहिता २०७९ को दफा ५ को खण्ड (ख)को उल्लङ्घनमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) बमोजिम निजहरूलाई कारबाही किन हुनु नपर्ने हो ? भनी आफ्नोतर्फबाट २४ घण्टाभित्र छुट्टाछुट्टै स्पष्टीकरण पेश गर्न,” निर्देशन दिइएको छ।

# जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन शुरू हुँदै, के के छन् मुद्दा ?

काठमाडौं, १९ कात्तिक/रासस

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसिसिसी)को पक्ष राष्ट्रको २७औं सम्मेलन (कोप–२७) आइतवारदेखि शुरू हुँदैछ।

सम्मेलन यही कात्तिक २० देखि मङ्सिर २ गते (नोभेम्बर ६ देखि १८ तारिख २०२२) सम्म इजिप्टको शार्म एल–शेखमा हुँदैछ।

उक्त सम्मेलनले विज्ञानमा आधारित चुनौती र ‘रियो’ १९९२ देखि ‘ग्लास्गो’ २०२१ (कोप २६) सम्म भएका सम्झौता, निर्णय र प्रतिबद्धतामा आधारित भएर समावेशी तथा महत्त्वाकाङ्क्षी परिणाम दिने अपेक्षा गरिएको छ।

साथै उत्सर्जन न्यूनीकरण, अनुकूलन प्रयासलाई बढावा दिने र उपयुक्त वित्तको बढ्दो प्रवाहको माध्यमबाट विश्वव्यापी जलवायु कार्यलाई गति दिनेसमेत सम्मेलनको लक्ष्य छ।

सम्मेलनमा पृथ्वीको तापक्रम वृद्धि एक दशमलव पाँच डिग्री सेल्सियसमा कायम गर्ने पाटोमा विश्वका सबै राष्ट्र ऐक्यबद्ध हुने, यस वर्ष ग्लास्गो प्याक्टको कार्यान्वयन र राष्ट्रिय निर्धारित योगदान (एनडिसिज) र न्यूनीकरणाका महङ्वाकाङ्क्षी लक्ष्यका कार्ययोजना तयार गर्ने, अनुकूलनका विश्वव्यापी लक्ष्यमा सहमत हुने र कोप–२६ मा सहमत भएको अनुकूलन वित्तको कार्यान्वयन गर्ने बारेमा छलफल र निर्णय हुनेछ।

यसबाहेक कोप–२७ मा वित्तसम्बन्धी सबै मुद्दा अगाडि बढाइ जलवायु वित्तका विषयमा महत्त्वपूर्ण प्रगति गर्ने, सन्तुलितरूपमा ठोस नतीजा प्राप्त गर्न भएका सम्झौतालाई सुधार र सहजीकरण गर्ने, हानि–नोक्सानीसम्बन्धी काम गर्ने संयन्त्र (सेन्टियागो नेटवर्क), हानि तथा नोक्सानी सुविधा सम्मेलनका मुद्दा रहेको वन तथा वातावरण मन्त्रालयले जनाएको छ।

नेपालको तयारीका लागि उक्त मन्त्रालयले सम्मेलनमा प्रस्तुत गरिने अवधारणापत्र तयार गरेको छ। अवधारणापत्रमा विशेषगरी हिमाली क्षेत्रका मुद्दा, अनुकूलन तथा कृषि र खाद्य सुरक्षा, न्यूनीकरण (दफा ६, एनडिसी, इटिएफ)लगायत विषय रहेको मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख तथा सहसचिव डा बुद्धिसागर पौडेलले जानकारी दिए।

यसैगरी, नेपालले विश्वव्यापी प्रगति समीक्षा, हानि तथा नोक्सानी (वित्त, सान्टियागो सञ्जाल), जलवायु वित्त (नयाँ संयुक्त वित्त लक्ष, वित्तको पूर्णता), लैङ्गिक, युवा, स्थानीय समुदाय, जनजाति र आदिवासी र प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धि विषय प्राथमिकताका साथ उठाउने उनले बताए।

## सच्याइएको

यस दैनिकको कात्तिक १९ गते शनिवार प्रथम पृष्ठमा प्रकाशित ‘कहाँनिर चुक्दैछ सिंचाइमा मधेस सरकार’ शीर्षक समाचारमा मधेस प्रदेशको कुल भूमिमा सिंचाइको करीब ५२ प्रतिशत पहुँच रहेको हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ। –सं.

## नेपालले उठाउने विषय

कोप–२७ मा नेपालले पर्वतीय मुद्दामा नेतृत्व गर्नेछ। विश्वका उस्तै समस्या भएका पर्वतीय मुलुकसँग सहकार्य रणनीति बनाउन नेपालले गत सेप्टेम्बरमा मुस्ताङ पैरवी सम्मेलन आयोजना गरी सो विषयमा विशेष घोषणापत्र जारी गरेको थियो।

यसैगरी, विश्वका धनी र विकसित राष्ट्रलाई आफ्नो महत्त्वाकाङ्क्षी एनडिसिज र दीर्घकालीन न्यून उत्सर्जन विकास रणनीति परिमार्जन गरी पुनः बुझाउन अनुरोध गरिनेछ। साथै यसको पालनामा कोपको सचिवालयलाई सक्रिय नेतृत्वका लागि नेपालले पैरवी गर्ने सहसचिव पौडेलले बताए।

नेपालले अनुकूलनका लागि दोब्बर घोषणा गरिएको वित्तको प्रवाह सार्वजनिक माध्यमद्वारा अनुदानस्वरूप प्रदान गर्ने र शार्म एल–शेख कार्य योजना तयार हुनुपर्ने विषय पनि नेपालको प्राथमिकतामा छ। नेपालले आफूजस्तै अतिकम विकसित देश, साना टापु र विकासशील राज्यको हरित जलवायु कोष र अन्य कोषका लागि आवेदन प्रक्रियाको सरलीकरण गर्न, क्षमता अवरोध हटाउन र जलवायु कोषमा प्रत्यक्ष पहुँच सुधार गर्न सशक्तरूपमा बहस तथा पैरवी गर्नेछ।

कृषि क्षेत्रमा कोरोनोभिया संयुक्त कार्यक्रमको रूपमा उल्लेख्य प्रगति हुनुपर्ने विषय पनि नेपालले प्राथमिकताका साथ उठाउने तयारी गरेको छ। यस वर्ष जर्मनीको बोन बैठकमा कोरोनोभिया कार्यक्रम अनुकूलनलाई बढी महत्त्व दिने विषयमा केही सहमति भएको थियो। नेपालले यो कार्यक्रमको कार्यान्वयन, वित्त र प्रविधि हस्तान्तरणमा जोड दिने र यसको नेतृत्व नेपाललगायत कृषिप्रधान देशले लिने गरी तयारी गरिएको छ।

सम्मेलनमा नेपालले पेरिस नियम पुस्तिकालाई कार्यान्वयनमा ल्याउन र कोप–२६ मा स्थापित न्यूनीकरण महत्त्वाकाङ्क्षा र कार्यान्वयन योजना अन्तर्गत विकसित देशहरूलाई जलवायु महत्त्वाकाङ्क्षामा नेतृत्व गर्न आग्रह गर्नेछ।

यसैगरी, कार्बन व्यापारसम्बन्धी दफा ६ अनुसार बजार र गैरबजार संयन्त्रको बारेमा कार्यान्वयनमा थप प्रस्टताका लागि नेपालले अल्पविकसित राष्ट्रहरूको समूह र जी–७७ र चिनियाँ समूहसँग सामीप्यमा रही पैरवी गर्ने वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्का सदस्य डा विमलराज रेग्मीले जानकारी दिए।

नेपालले कोप २७ मा विकसित राष्ट्रहरूले सामूहिकरूपमा दीर्घकालीन जलवायु वित्तको लक्ष्य अनुसार सन् २०२० देखि २०२५ सम्म प्रत्येक वर्ष १०० विलियन अमेरिकी डलर प्रदान गर्ने विषय उठाउने उनले बताए। जलवायु कोषहरूमा नेपालको सरल तथा सहज पहुँच हुनुपर्ने र नेपालले अनुकूलन, उत्थानशीलता तथा हरित विकासको अवधारणा प्रवर्धनमा प्रदान गरिने वित्त अनुदानको रूपमा आउनुपर्ने निश्चितताबारे पैरवी गर्नेछ।

### हानि तथा नोक्सानीको छुट्टै मुद्दा

कोप–२७ मा हानिनोक्सानीसम्बन्धी मुद्दालाई औपचारिक मुद्दा बनाउन पहल गरिनेछ। अल्पविकसित राष्ट्रहरूको समूह, जी–७७ र चिनियाँको समूहले हानि तथा नोक्सानी वित्तको छुट्टै व्यवस्थाको मागलाई उठाउनेछन्। नेपाललगायत अल्पविकसित राष्ट्रहरू र जी–७७ र चिनियाँको समूहले हानि तथा नोक्सानी वित्तमा थप सहयोग गर्नुपर्ने र यसको यथेष्ट प्रमाण भएको कुरालाई प्रस्तुत गर्नेछ।

नेपालले सेन्टियागो हानि तथा नोक्सानी संयन्त्रको प्रगति र हानि तथा नोक्सानी वित्तलाई औपचारिकरूपमा मुद्दामा राखेर हानि तथा नोक्सानी वित्त व्यवस्था सुनिश्चित गर्न पहल गर्ने मन्त्रालयका सचिव डा प्रेमनारायण कँडेलले बताए।

यसबाहेक विश्वव्यापी प्रगति समीक्षाका लागि विवरण सङ्कलन, न्यूनीकरण, अनुकूलन, हानि–नोक्सानी र कार्यान्वयनको संरचना र सहयोगसम्बन्धी प्रगति मापन गर्नु महत्त्वपूर्ण भएको र यसले पक्ष राष्ट्रहरूलाई आफ्नो महत्त्वाकाङ्क्षा र सहयोग तथा सहकार्य अगाडि बढाउन मदत पुऱ्याउने सचिव कँडेलले बताए।

आदिवासी, महिला, युवा, बालबालिका तथा जलवायुजन्य जोखिममा रहेका समुदायको अधिकार र उनीहरूको चासो सम्बोधन गर्ने विषय पनि नेपालको मुद्दा रहेको छ। यसका लागि नेपालले लैङ्गिक कार्ययोजनालाई कार्यान्वयनमा ल्याउन आवश्यक वित्त हस्तान्तरण, प्रविधि हस्तान्तरण र लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धिमा हासिल भएका प्रगतिबारे छलफल गर्ने र स्थानीय र आदिवासीको भूमिकाबारे प्रस्ट रणनीति हुनुपर्ने विषय उठान गरिनेछ।

नेपाललाई अनुकूलन र न्यूनीकरणका कार्यहरू प्रभावकारीरूपमा कार्यान्वयन गर्ने प्रविधि सहज हस्तान्तरण र अतिकम विकसित राष्ट्रहरूमा विद्यमान क्षमताको कमी परिपूर्ति गर्नुपर्ने विषय नेपालको प्राथमिकतामा रहेको छ।

### कोप-२७ मा नेपालको सहभागिता

नोभेम्बर ६ देखि ८ तारिखसम्म हुने राष्ट्र प्रमुखहरूको बैठकमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीको नेतृत्वमा नेपालको प्रतिनिधिमण्डलले सहभागिता जनाउनेछ। नोभेम्बर ९ देखि १८ तारिखसम्म हुने कोप–२७ का औपचारिक र अनौपचारिक बैठकमा वन सचिव, सहसचिव र सरकारी प्रतिनिधिले सहभागिता जनाउनेछन्।

त्यस्तै, नोभेम्बर ६ देखि १८ तारिखसम्म हुने अन्य बैठकमा सचिव, सहसचिव र सरकारी र अन्य प्रतिनिधिले साइड इभेन्टहरूमा नेपालको प्रस्तुति गर्न सहभागिता जनाउने मन्त्रालयले जनाएको छ।

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७८/७९

# आचारसंहिता उल्लङ्घन भए कानून बमोजिम कारबाई गरिने –मुख्य निर्वाचन अधिकृत

प्रस, परवानीपुर, १९ कात्तिक/

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनमा सञ्चारमाध्यमको भूमिकासम्बन्धी अन्तर्क्रिया कार्यक्रम वीरगंजमा सम्पन्न भएको छ।




जिल्ला निर्वाचन कार्यालय, पर्साको आयोजना तथा नेपाल पत्रकार महासङ्घ, पर्साको सहजीकरणमा सम्पन्न अन्तर्क्रियामा आगामी निर्वाचनलाई सञ्चारमाध्यमले पूर्णरूपमा ग्रहण गर्नुपर्ने तथा निर्वाचन आचारसंहिता अन्तर्गत सूचना सम्प्रेषण गर्नुपर्ने विषयमा छलफल भएको थियो।

कार्यक्रममा जिल्ला निर्वाचन कार्यालयकी प्रमुख रञ्जीता झाले निर्वाचनमा सञ्चारकर्मीले पालना गर्नुपर्ने आचारसंहिताबारेमा अवगत गराउँदै राजनीतिक दलहरूलाई लाग्ने आचारसंहिताका बारेमा समेटिएको कार्यपत्र प्रस्तुत गरेकी थिइन्।

त्यसैगरी, नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले आगामी निर्वाचनमा सञ्चारकर्मीहरूले मतदानअघि, मतदानको समय तथा मतदानपछिको सूचना सम्प्रेषण गर्न अपनाउनुपर्ने आचारसंहिता एवं सुरक्षाका उपायबारेमा कार्यपत्र प्रस्तुत गरेका थिए। कार्यपत्रमा उनले सञ्चारकर्मी समाजले विश्वास गर्ने पात्र भएकाले जनभावना अनुकूल तथा आचारसंहिताभित्र रही समाचार सम्प्रेषण गरी आफ्नो जिम्मेवारी निर्वाह गर्न आग्रह गरेका थिए।

अध्यक्ष तिवारीले कानूनको दायरामा रही आचारसंहिताको पालना गर्दै सही समाचार पस्किन र गलत क्रियाकलापको भण्डाफोर गर्न सञ्चारकर्मीहरूलाई आग्रह गरे। चुनावी प्रचारप्रसारमा दलहरूले निर्वाचन आचारसंहिताविरुद्ध क्रियाकलाप गरे सोको विरुद्धमा निर्धक्क कलम चलाउन उनले आग्रह गरे। निर्वाचन भयरहित वातावरणमा भइरहेको छ वा छैन भन्ने विषयमा समेत सञ्चारकर्मी चनाखो हुनुपर्ने सुझाव दिए।

पर्साका निर्वाचन अधिकृत विनोदकुमार पोखरेलले आचारसंहिता विपरीत गतिविधि भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क गर्न वा सञ्चारमाध्यमबाट उजागर गर्न आग्रह गरे। उनले आचारसंहिताविपरीतको कार्यमा आफूले तत्काल प्रतिक्रिया जनाउने बताए। उनले प्रधानमन्त्रीसमेतले आचारसंहिताको पालना गर्दै निर्वाचनमा भाग लिनुपर्ने जिकिर गरे।

उनले मतदान स्थल तथा मतगणना स्थलमा सूचना सम्प्रेषणको लागि सञ्चारकर्मीको अधिकार कुण्ठित नहुने गरी उचित व्यवस्थापन मिलाइने प्रतिबद्धता व्यक्त गरे।

## ठोरी गापामा स्नातक....

सम्भव भएसम्म स्थानीय जनशक्तिमार्फत पठनपाठन गराउने गरी कक्षा सञ्चालनको तयारी गरिएको क्याम्पस प्रमुख श्रेष्ठले बताए। भर्ना हुनका लागि विद्यार्थीहरूले फोनमार्फत सम्पर्क गरिरहेकाले यस वर्ष ५० जनासम्म विद्यार्थी भर्ना हुने क्याम्पस प्रशासनको अनुमान छ।

क्याम्पस सञ्चालनमा मुख्य सहयोग भने ठोरी गापाले गरेको छ। यस वर्ष क्याम्पस सञ्चालनका लागि तत्काल आवश्यक डेस्क, बेन्च, टेबल, दराजलगायत फर्निचरका सामग्रीहरू गापा कार्यालयले नै उपलब्ध गराउने र आगामी वर्षदेखि क्याम्पसका लागि बजेट विनियोजन गर्नेगरी गापा अध्यक्ष लालबहादुर श्रेष्ठले सहयोग गरेको क्याम्पस व्यवस्थापन समिति अध्यक्ष श्रेष्ठले बताए। ठोरी गापा अध्यक्ष श्रेष्ठको सहयोगका कारण पनि यस वर्ष कक्षा सञ्चालन गर्न सहज भएको उनको भनाइ छ।

ग्रामीण क्षेत्रमा रहेर उच्च शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित र ठोरी, जीराभवानीलगायतका ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयबाट कक्षा १२ उत्तीर्ण गरेका विद्यार्थीहरूलाई उच्च शिक्षा प्रदान गर्न क्याम्पस स्थापनाको प्रमुख उद्देश्य रहेको क्याम्पस व्यवस्थापन समितिले जनाएको छ।

हाल ठोरीमा मात्र पाँचवटा कक्षा १२ सम्म सञ्चालित सामुदायिक विद्यालय छन्। वर्सेनि यी विद्यालयहरूबाट १२ कक्षा उत्तीर्ण हुने कतिपय विद्यार्थीहरू आर्थिक अभावकै कारण उच्च शिक्षा हासिल गर्न नसकेर पढाइ छाड्ने गरेका छन्। १२ कक्षासम्म ठोरी गापाले निश्शुल्क पठनपाठनको व्यवस्था गरेको भएपनि त्यसपछि आर्थिक अभावले उच्च शिक्षा पढ्न नसक्ने विद्यार्थीको सङ्ख्या बढ्दै गइरहेको अवस्थामा विजयबस्ती क्याम्पसले ठूलो योगदान गर्ने यस क्षेत्रका अगुवाहरूको विश्वास छ।

## मर्मतसम्भारको अभाव.....

गापाका अध्यक्ष यशवन्त यादवले आफू निर्वाचित भएर आएपछि पालिकाको कार्यालयमा रहेका सिसिटिभी क्यामरा मर्मत गरी सञ्चालनमा ल्याएको बताए। विद्यालयहरूमा पनि क्यामरा जडान भएको तर सञ्चालनमा रहेको/नरहेकोबारे आफूलाई जानकारी नभएको अध्यक्ष यादवले बताए। बिग्रेका र सञ्चालनमा नरहेका भए मर्मतसम्भार गरी सञ्चालनमा ल्याउने अध्यक्ष यादवले बताए।






# चुनाव, प्रतिगमन र अग्रगमनबीचको महासङ्ग्राम –नेता श्रेष्ठ

प्रस, निजगढ, १९ कात्तिक/

बारा क्षेत्र नं ४ बाट नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का प्रतिनिधिसभा सदस्य उम्मेदवार किसान श्रेष्ठले सत्तारूढ गठबन्धनका उम्मेदवारलाई विजयी बनाउन आग्रह गरेका छन्।

शनिवार आयोजित चुनावी कार्यक्रममा उम्मेदवार श्रेष्ठले संविधानको रक्षार्थ वाम लोकतान्त्रिक गठबन्धनका उम्मेदवारहरूलाई विजयी बनाउन आग्रह गरे। उनले यो चुनाव अग्रगमन र प्रतिगमनबीचको महासङ्ग्राम भएकोले जनताको लामो निरन्तर सङ्घर्ष र बलिदानबाट प्राप्त उपलब्धिलाई जोगाइराख्न वाम लोकतान्त्रिक गठबन्धनका उम्मेदवारलाई विजयी बनाउन आवश्यक भएको जिकिर गरे। उनले आफ्नो क्षेत्रको विकासमा निरन्तर सक्रिय रहने दाबी पनि गरे।

सोही क्षेत्रबाट प्रदेशसभामा लोसपाका




उम्मेदवार जीतेन्द्र सोनलले जनता सचेत भइसकेको र एमाले र सो पार्टीसँग साँठगाँठ गरेका उम्मेदवारलाई पराजित गर्ने बताए। उनले नागरिकता जस्तो गम्भीर विषयमा एमालेले चलखेल गरेको कारण मधेसका जनता नागरिकता पाउने नैसर्गिक अधिकारबाट वञ्चित भएको आरोप लगाए। उनले सबै थरीका आक्रोश अभिव्यक्त गर्ने अवसर आएको र यो अवसर नचुक्न सुझाए।

# स्कूटी चोरी गर्ने तीनजना पक्राउ

प्रस, वीरगंज, १९ कात्तिक/

स्कूटी चोरीको अभियोगमा पर्सा प्रहरीले तीनजनालाई पक्राउ गरेको छ।

जिप्रका पर्साले जनाए अनुसार वीरगंज–११ श्रीपुर बस्ने प्रमोद कुर्मीको नाममा दर्ता रहेको प्रदेश २–०३–०१५ प ९६१३ नम्बरको यामाहा स्कूटी घरअगाडि पार्किङ गरेको अवस्थामा कात्तिक १३ गते चोरी भएको थियो।

चोरी भएको स्कूटी दिव्य सिंह र आकाश चौरसियाले चोरी गरेको सूचनाको आधारमा चितवन जिल्ला भरतपुर महानगरपालिका–१० थानेचोक भीमकुनामा लुकाइराखेको अवस्थामा वडा प्रहरी कार्यालय, श्रीपुरको टोलीले स्कूटी बरामद गरेको र अभियुक्तहरूलाई पक्राउ गरेको हो।

प्रहरीले वीरगंज–११ का कृष्ण क्षेत्रीबाट सूचना पाएको र निजसहित सिंह र चौरसियलाई पक्राउ गरेको जनाएको छ। तीनैजना अभियुक्त सोही वडाका हुन्।

# प्रचार सामग्री हटाउँदै प्रहरी

प्रस, बिरुवागुठी, १९ कात्तिक/

निर्वाचन आचारसंहिताविपरीत




राखिएका निर्वाचन प्रचारप्रसार सामग्री शनिवारदेखि पर्सागढी नगरपालिकालगायत पर्साका ग्रामीण भेगबाट प्रहरीले हटाउन थालेको छ।

बडनिहार प्रहरी चौकीका इन्चार्ज सम्बोधकुमार झा नेतृत्वको प्रहरी टोलीले आज पर्सागढि नपाको वडा नं ३ मा विभिन्न राजनीतिक दलहरूले निर्वाचन आचारसंहिताविपरीत राखेका प्रचारप्रसार सामग्री हटाउन थालेको हो।

सार्वजनिक स्थलहरूमा राखिएका झन्डा, पोस्टर, ब्यानर जस्ता सामग्रीहरू हटाउन थालेको बडनिहार प्रहरी चौकीका इन्चार्ज झाले बताए।

# शिवलिङ्ग हेर्न भीड

प्रस, पंचगावाँ, १९ कात्तिक/

पटेर्वासुगौली गाउँपालिका–५ निचुटाको मोरटोल जाने बाटोमा भलुआही खोलानजीक शिवलिङ्ग फेला परेको छ।

शनिवार भलुआही खोलानजीक अद्भुत शिवलिङ्ग देखिएपछि मानिसहरू दर्शनका लागि ओइरो लागेका छन्। आज बिहान साढे १० बजेदेखि सो ठाउँमा मानिसहरू शिवलिङ्गको दर्शनको लागि एकीकृत भएका थिए।

शिवलिङ्गको चर्चा अहिले मोरटोल र आसपासका गाउँमा व्यापक भएको छ।





## डेङ्गुबाट बच्ने उपायहरूः

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेङ्गु लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अध्याँरा कुना–काप्चामा कीटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एकपटक एयर कुलर, पानी ट्याङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू राम्ररी सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
भूमिगत जलश्रोत विकास समिति, शाखा कार्यालय
वीरगंज, पर्सा

**४ इन्च डायमिटरको स्यालो टयुबवेल निर्माण र पम्प/मोटर वितरण कार्यक्रम प्रस्ताव दर्ता गराउन**

प्रथमपटक सूचना प्रकाशित मिति : २०७९/०७/२०

यस भूमिगत जलस्रोत विकास समिति, शाखा कार्यालय, पर्सा, वीरगंजको आव २०७९/८० मा पर्सा, बारा र रौतहट जिल्लामा स्वीकृत कार्यक्रम स्यालो टयुबवेल सिंचाइ कार्यक्रम अन्तर्गत ४ इन्च डायमिटरको स्यालो टयुबवेल निर्माण र पम्प/मोटर जडानका कार्यक्रमहरू रहेको हुँदा विगतमा यस कार्यालयबाट स्यालो टयुबवेल जडान र सिंचाइ सुविधा नभएको खेतीयोग्य जमीन भएका कृषकहरूलाई तपसिलबमोजिम जिल्लाहरूका गापा/नपामा कार्यक्रममा सहभागी हुनका लागि इच्छुक सेवाग्राहीहरूबाट मिति २०७९/०७/२० देखि २०७९/०८/१९ म्याद भित्र प्रस्ताव दर्ता गराउनुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | जिल्ला | नपा/गापा | सङ्ख्या |
|---|---|---|---|
| १ | पर्सा | वीरगंज | २० |
| २ | | जगरनाथपुर गापा | २० |
| ३ | | पर्सागढी नपा | २५ |
| ४ | | पटेर्वासुगौली गापा | २५ |
| ५ | | पोखरिया नपा | १५ |
| ६ | | सखुवाप्रसौनी गापा | २५ |
| ७ | | जीराभवानी गापा | २० |
| ८ | | ठोरी गापा | १० |
| ९ | | अन्य योजनाहरू | १० |
| १० | बारा | प्रसौनी गापा | १० |
| ११ | | सिम्रौनगढ नपा | २० |
| १२ | | कलैया उमनपा | ३० |
| १३ | | जीतपुरसिमरा उमनपा | २० |
| १४ | | बारागढी नपा | ३० |
| १५ | | कोल्हवी नपा | ३० |
| १६ | | अन्य योजनाहरू | ३० |
| १७ | रौतहट | कटहरिया नपा | २० |
| १८ | | गरुडा नपा | २० |
| १९ | | राजदेवी नपा | २० |
| २० | | गौर नपा | २० |
| २१ | | राजपुर तुलसी नपा | ३० |
| २२ | | फतुवा विजयपुर नपा | २० |
| २३ | | मौलापुर नपा | २० |
| २४ | | ईशनाथ नपा | २० |
| | | **जम्मा सङ्ख्या** | **५१०** |

**विस्तृत जानकारीका लागि भूमिगत जलस्रोत विकास समिति, शाखा कार्यालय, वीरगंज, पर्सामा सम्पर्क गर्नुहुन।**